# वैदेशिक रोजगारीबाट फर्केका श्रमिकहरूलाई संगठित गरी व्यवसायिक सीपमूलक तालिम प्रदान गर्ने सम्बन्धी कार्यविधि २०८०

स्वीकृत मितिः२०८०/११/१६

**प्रस्तावनाः**

बागमती प्रदेशभित्र वैदेशिक रोजगारीबाट समस्यामा परी तथा निश्चित अवधिसम्म काम गरी स्वेच्छाले फर्केका श्रमिकहरूको ज्ञान, सीप, अनुभव र पूँजीलाई एकिकृत गरी सो को संगठित परिचालनबाट स्थानीय तहहरू समेतको साझेदारीमा आयमूलक कार्यक्रमहरू संचालन गर्ने गरी स्थानीय स्रोत र साधनमा आधारित रोजगारी र स्वरोजगारी स्थानीय स्तरमा नै सृजना गरी समुदायको आर्थिक तथा सामाजिक विकासमा योगदान गर्ने कार्यमा टेवा पुर्याउने खालको जनशक्ति तयार गर्ने उद्धेश्यले लक्ष्यित श्रमिकहरूलाई व्यवसायिक सीपमूलक तालिम प्रदान गरी सहकारी संस्थामा संगठित गर्नका लागि मन्त्रालयको चालु आ. व. २०८०/८१ को वार्षिक कार्यक्रम तथा वजेटको क्रम संख्या २.७.२६.८ मा २२५२२ खर्च शीर्षकमा विनियोजन भएको रकमबाट कार्यक्रम संचालन गर्ने कार्यलाई सरल, पारदर्शी र प्रभावकारी बनाउन वान्छनीय भएकोले,

प्रदेश विनियोजन ऐन २०८० को दफा ऐन को दफा ९(२) ले दिएको अधिकार प्रयोग गरी बागमती प्रदेश, श्रम, रोजगार तथा यातायात मन्त्रालयले यो कार्यविधि तर्जुमा गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "वैदेशिक रोजगारीबाट फर्केका श्रमिकहरूलाई संगठित गरी व्यवसायिक सीपमूलक तालिम प्रदान गर्ने सम्बन्धी कार्यविधि २०८०" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "मन्त्रालय भन्नाले श्रम, रोजगार तथा यातायात मन्त्रालय, बागमती प्रदेश सम्झनुपर्छ।

(ख) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनुपर्छ।

(ग) "व्यवसियक सीपमूलक तालिम" भन्नाले वैदेशिक रोजगारिबाट फर्केका श्रमिकहरूले पहिचान गरेको व्यवसायका लागि अझ बढी ज्ञान र सीप अभिवृद्धि गर्ने उद्धेश्यले संचलन गरिने छोटो अवधिको तालिम सीपमूलक प्रशिक्षण सम्झनुपर्छ।

प्रदेश सचिव

माननीय लक्ष्मण ...
मन्त्री

(घ) "तालिम प्रदायक संस्था" भन्नाले प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट सम्वन्धन लिई छोटो अवधिको तालिम सञ्लालन गर्दै आएका निजी क्षेत्रमा सञ्चालित तालिम प्रदायक संस्था सम्झनुपर्छ।

(ङ) "पाठ्यक्रम" भन्नाले प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट स्वीकृत छोटो अवधिको तालिमको विषय अनुसारको पाठ्यक्रम सम्झनुपर्छ।

(च) "प्रशिक्षक" भन्नाले प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्‌द्वारा स्वीकृत पाठ्यक्रम अनुसार सैद्धान्तिक तथा प्रयोगात्मक सीप सिकाउन सम्बन्धित तालिम प्रदायक संस्थाले नियुक्त गरेको प्राविधिक व्यक्ति सम्झनुपर्छ।

(छ) "प्रशिक्षार्थी" भन्नाले यस कार्यविधि बमोजिम तालिमका लागि छनौट भई तालिम कार्यक्रममा सहभागी भएको सम्बन्धित स्थानीय तहमा दफा बमोजिम दर्ता भएको सहकारि संस्थाको सदस्यलाई सम्झनुपर्छ।

(ज) "सीप परिक्षण" भन्नाले तालिम सम्पन्न गरेका प्रशिक्षार्थीहरूको लागि राष्ट्रिय सीप परीक्षण समितिले सञ्चालन गर्ने सीप परिक्षण सम्झनुपर्छ।

(झ) "श्रमिक सहकारी संस्था" भन्नाले श्रमिकहरू सदस्य रही आफ्नै स्वामित्व र व्यवस्थापनमा गठन गरेको र सदस्यहरूले मात्र श्रम गरी उत्पादन प्शोधन तथा वजारिकरण सम्बन्धी कार्य गर्ने गरी स्थापना भएको सहकारी संस्था सम्झनुपर्छ।

(ञ) "उत्पादक सहकारी संस्था" भन्नाले सदस्यहरूको उत्पादन संकलन, प्रशोधन र वजारिकरण गर्नेगरी स्थापना भएको सहकारी संस्था सम्झनुपर्छ।

(ट) "सहकारी संस्था गठन" भन्नाले समुदायका व्यक्तिकहरूलाई प्रस्तिवत सहकारी संस्थाको ढाँचामा आवद्ध गर्ने कार्यलाई सम्झनुपर्छ

(ठ) "सहकारी संस्था दर्ता" भन्नाले प्रस्तावित सहकारी संस्थलाई प्रचिलत कानून बमोजिम नियामक निकायमा दर्ता गरी कानूनी मान्यता प्रदान गर्ने कार्यलाई सम्झनुपर्छ।

(ड) "कार्यविधि" भन्नाले वैदेशिक रोजगारीबाट फर्केका श्रमिकहरूलाई संगठित गरी व्यवसायिक सीपमूलक तालिम प्रदान गर्ने कार्यविधि २०८० सम्झनुपर्छ।

बागमती प्रदेश सरकार, श्रम, रोजगार तथा यातायात मन्त्रालय, हेटौंडा, नेपाल

प्रदेश सचिव

माननीय लक्ष्मण ...
मन्त्री

परिच्छेद-२

## लक्षित वर्ग र आयमूलक कार्य पहिचान सम्बन्धी व्यवस्था

३. **कार्यक्रम संचालन गर्ने स्थानीय तहको छनौटः** मन्त्रालयले वैदेशिक रोगजारबाट फर्केका २१ देखि ५५ वर्ष उमेर समूहका श्रमिकहरूको मोटामोटी संख्या तथा भौगिलिक तथा आर्थिक, सामाजिक अवस्था एवं सम्बन्धित स्थानीय तहको साझेदारीको प्रतिवद्धता समेतलाई मध्यनजर गरी कार्यक्रम संचालन गर्ने स्थानीय तहहरूको छनौट गर्नेछ।

४. **वैदेशिक रोजगारबाट फर्केका श्रमिकहरूको लगत संकलन गर्ने:** मन्त्रालयले सम्बन्धित स्थानीय तहसंग समन्वय गरी दफा ३. बमोजिम छनौटमा परेका स्थानीय तहहरूमा वैदेशिक रोजगारीबाट फर्केका श्रमिकहरूको लगत तयार गर्नेछ।

५. **व्यवसायिक सम्भाव्यताको पहिचान गर्ने:** श्रमिकहरूको लगत तयार भएपछि मन्त्रालयले सम्बन्धित स्थानीय तहसंग समन्वय गरी स्थानीयस्तरमा उपलव्ध स्रोतसाधन, बजारको माग,व्यवसायिक सम्भाव्यता तथा श्रमिकहरूको अनुभव, सीप र रुची समेतको आधारमा प्रत्येक स्थानीय तहमा श्रमिकहरूले गर्ने आयमूलक कार्यहरूको पहिचान गरिनेछ।

परिच्छेद ३

## तालिम सम्बन्धी व्यवस्था

६. **तालिम सञ्चालन गर्ने:** (१) मन्त्रालयले दफा ५ बमोजिम आयमूलक कार्यहरूको पहिचान भएपछि दफा ३ बमोजिमका श्रमिकहरूलाई लक्षित गरी निश्चित मापदण्ड बमोजिम छनौट भएका तालिम प्रदायक संस्था मार्फत प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदले निर्धारण गरेको छोटो अवधिको व्यवसायिक तालिम ३९० घण्टा (६५ कार्य दिन) चालु वर्षको स्वीकृत बजेटको परिधिभित्र रही प्रदान गर्नेछ।

(२) उपदफा (१) बमोजिम सञ्चालन गरिने तालिमको विषय र संचालन गरिने स्थान भौगीलिक अवस्थिति र व्यवसायिक सम्भाव्यताको आधारमा मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ।

७. **तालिम प्रदायक संस्थाको छनौटः** (१) मन्त्रालयले दफा ६ बमोजिमका तालिम सञ्चालन गर्ने प्रयोजनका लागि सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम निम्न प्रक्रिया अपनाई संस्था छनौट गर्नेछः



प्रदेश सचिव

(क) आशयपत्र माग गरी संस्था सुचीकृत गर्ने

(ख) प्राविधिक र आर्थिक प्रस्ताव पेश गर्न ईच्छुक तालिम प्रदायक संस्थाहरूलाई तालिम उपलब्ध गराउने प्रयोजनका लागि ३० दिनको म्याद दिई सार्वजनिक सूचना प्रकाशित गर्ने,

(ग) तोकिएको समयावधि भित्र पेश हुन आएका तालिम प्रदायक संस्थाहरूको प्रक्रिया पूरा गरेर मूल्याङ्कन गर्ने,

(घ) प्रचलित कानून बमोजिम प्राविधिक प्रस्ताव मूल्याङ्कन गरि पास भएका संस्थाहरूको मात्र आर्थिक प्रस्ताव मूल्याङ्कन गर्ने,

(ङ) प्राविधिक र आर्थिक प्रस्ताव मूल्याङ्कन गरी तालिम प्रदायक संस्था छनौट र सम्झौता गर्ने ,

(२) छनौट भएका तालिम प्रदायक संस्थाले यस कार्यविधी बमोजिम तोकिएका सहभागीहरूलाई २०८१ असार २० सम्ममा तालिम प्रदान गरिसक्नुपर्नेछ।

८. <u>तालिम प्रदायक संस्थालाई भुक्तानी</u>: (१) तालिम प्रदायक संस्थालाई तालिम सञ्चालन गरे बापत मन्त्रालयले सम्झौता बमोजिमको रकम देहाय बमोजिम भुक्तानी गर्नेछ :

(क) कम्तिमा ६ महिनाको बैंक ग्यारेण्टी लिई सम्झौता रकमको २० प्रतिशत भन्दा नबढ्ने गरि सम्झौता भएपछि पहिलो किस्ता

(ख) तालिम सञ्चालन भएको ४० (चालिस) दिन पछि अनुसूची ९ बमोजिमको विवरण पेश गर्न लगाई बैंक ग्यारेण्टीको आधारमा दोश्रो किस्ता ४० (चालीस) प्रतिशत भुक्तानी गरिनेछ। यसरी भुक्तानी दिनु अघि पहिले उपलब्ध गराएको पेश्की रकम कट्टा गरी बाँकी रकम उपलब्ध गराईनेछ तथा बाँकी अवधिको तालिम सञ्चालन र सीप परिक्षण गर्न गराउनको लागि सम्बन्धित संस्थाबाट प्रतिबद्धता लिनुपर्नेछ।

(ग) तालिम सम्पन्न भई सीप परिक्षण गर्न गराउनको लागि सम्बन्धित संस्थाबाट प्रतिबद्धता लिइ शल्क भुक्तान गरेको निस्सा पेश गरेपछी अन्तिम किस्ता बापतको रकम भुक्तानी गर्नुपर्नेछ।

९. <u>तालिम सञ्चालन लागत</u>: (१) प्रति २६ जना संचालनको लागत अनुमान प्रदेश सार्वजनिक खर्चको मापदण्ड २०७८ तथा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्को कार्यविधि समेतको आधारमा मन्त्रालयले तयार गर्नेछ।

(२) उपदफा (१) बमोजिम तयार भएको लागत अनुमानमा नबढ्ने गरी प्रतिस्पर्धात्मक रुपमा तालिम सञ्चालन प्रस्ताव गर्ने प्राविधिक प्रस्तावमा पास भएका तालिम प्रदायक संस्थाहरू मध्येबाट सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम आर्थिक प्रस्ताव खोलि अंक



प्रदेश सचिव

गणना गरी उतीर्ण हुने तालिम प्रदायक संस्थासँग प्रस्ताव स्वीकृत भएको १५ दिन भित्र सम्झौता गरी तालिम कार्यक्रम सञ्चालन गरिनेछ।

१०. <u>मूल्याङ्कन समिति:</u> (१) तालिम प्रदायक संस्थाको प्राविधिक तथा आर्थिक प्रस्ताव मूल्याङ्कन गरि स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्न देहाय बमोजिमको एक मूल्याङ्कन समिति रहनेछ।

(क) योजना, प्रशासन महाशाखा प्रमुख, मन्त्रालय — संयोजक

(ख) आर्थिक प्रशासन प्रमुख, मन्त्रालय — सदस्य

(ग) कानून अधिकृत, मन्त्रालय, — सदस्य

(घ) अधिकृत प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय — -सदस्य

(ङ) योजना शाखा प्रमुख, मन्त्रालय, सदस्य — सचिव

(२) उपदफा (१) बमोजिम समितिको वैठकमा आवश्यकता अनुसार बढीमा तीन जनासम्म विषयविज्ञहरूलाई आमन्त्रण गर्न सकिनेछ।

११. <u>तालिमको पाठ्यक्रम:</u> (१) यस कार्यविधि बमोजिम सञ्चालन गरिने विभिन्न विषयका तालिमहरूको पाठ्यक्रम प्राविधिक शिक्षा तथा व्यवसायिक सीप विकास केन्द्रबाट स्वीकृत भए बमोजिम हुनेछ।

## परिच्छेद-४

## श्रमिक तथा उत्पादक सहकारी संस्था गठन तथा दर्ता सम्बन्धी व्यवस्था

१२. <u>सहकारी संस्था गठन गर्ने:</u> (१) यस कार्यविधि बमोजिम व्यवसायिक सीप विकास तालिम प्राप्त गरेका सहभागीहरूलाई सम्बन्धित तालिम प्रदायक संस्थासंग तथा स्थानीय उद्योग वाणिज्य संघहरूसंगको समन्वयमा रोजगारी उपलव्ध गराउन मन्त्रालयले पहल गर्नेछ।

(२) उपदफा (१) बमोजिम रोजगारी उपलव्ध नभएको अवस्थामा वा सहभागीले स्वरोजगार भइ उद्यम गर्न चाहेमा स्थानीय तहगत रुपमा सहभागीहरूलाई संगठित गरी सहकारी संस्थामा आवद्ध गरिनेछ।

(३) उपदफा (२) बमोजिम सहकारी संस्थामा आवद्ध गर्दा सबै श्रमिकहरूले सामूहिक रुपमा संचालन गर्ने व्यवसाय भएमा सम्बन्धित श्रमिकहरू सदस्य रहने गरी श्रमिक सहकारी संस्था तथा व्यक्तिगत रुपमा उत्पादन कार्यमा संलग्न हुने प्रकृतिको व्यवसाय भए उत्पादन प्रवर्धन तथा वजारीकरणका लागि उत्पादक सहकारी संस्थाको गठन गरिनेछ।



प्रदेश सचिव

१३. <u>सहकारी संस्था दर्ता गर्ने:</u> (१) दफा १२ बमोजिम गठन भएको प्रस्तावित सहकारी संस्थाका सदस्यहरूलाई सहकारी व्यवस्थापन तथा संचालन सम्वन्धमा आधारभूत प्रशिक्षण प्रदान गर्नुका साथै आवश्ययक कागजात तथा प्रक्रिया पूरा गरी सम्बन्धित स्थानीय तहमा सहकारी संस्थाको रुपमा दर्ताका लागि सहजीकरण गरिनेछ।

(२) उपदफा (१) बमोजिम सहकारी संस्था स्थापना भएपछि गरेपछि मन्त्रालयले आगामी आर्थिक वर्षहरूमा उत्पादन प्रशोधन तथा वजारीकरणका लागि आवश्यक पूँजीगत सामाग्रीहरू उपलव्ध गराउने तथा उत्पादनको वजारिकरणमा सहयोग पुग्ने खालका कार्यक्रमहरूलाई संचालन गरी यस कार्यक्रमलाई निरन्तरता दिनेछ।

प्रदेश सचिव

मन्त्री

अनुसूच-१

(दफा ४ सँग सम्बन्धित)

**वडागत रुपमा वैदेशिक रोजगारिबाट फर्केका श्रमिकहरूको विवरण संकलन फारम**

१. जिल्लाः

२. स्थानीय तहको नामः वडा नं

३. आवेदकको व्यक्तिगत जानकारी

नाम थर (देवनागरीमा)

नाम थर (अंग्रेजी ठूलो अक्षरमा)

४. नागरिकता नं. जारी मितिः जिल्लाः

लिङ्गः महिला पुरुष अन्य

५. जन्म मितिः

६. (क) बाबुको नाम थरः (ख) आमाको नाम थर

७. वैवाहिक अवस्थाः अविवाहित विवाहित एकल

८. जातजाति समूहः खस आर्य जनजाति

दलित मधेशी धार्मिक अल्पसंख्यक

९. भौगोलिक प्रतिनिधित्व : हिमाल पहाड तराई/मधेश

१०. जातजातिः............................ (आफ्नो जात/जाति लेख्नुहोस् जस्तै राई, मगर, चेपाङ्ग, तामाङ्ग, ठकुरी, नेवार, क्षेत्री, मुस्लिम, बाह्मण आदी)

११. विशेष अवस्था : द्वन्द्ध पिडित बाढी/भुकम्प पिडित अपाङ्गता भएको

शहिद परिवार सुविधा वञ्चित समूह

१२. विशेष अवस्थासँग सम्बन्धित आधिकारिक कागजात : छ छैन

१३. वैदेशिक रोजगारीमा रहेको विवरण

क. देश ख. रोजगारिमा गएको साल

ग. फर्केको साल घ. वसेको अवधि

ङ. वैदेशिक रोजगारिमा रहदा गरेको काम च. फर्कनुको कारण

१४. तपाई यस कार्यक्रममा किन सहभागी हुन चाहनुहुन्छ ?

नँया सीप सिकेर रोजगारी/स्वारोजगारी गर्न

भएको सीपलाई अझै तिखार्न

प्रदेश सचिव

माननीय लक्ष्मण ...

मन्त्री

फुसर्दको समयलाई सदुपयोग गर्न

पुन वैदेशिक रोजगारीमा जान

अन्य भए खुलाउनुहोस्

१५. शैक्षिक विवरणको लागि तलको उपयुक्त कोठमा चिन्ह लगाउनुहोस्

क .साक्षर ख .एस.एल.सी/.एस.ई.ई .उतीर्ण ग .कक्षा ८ उतीर्ण

घ .उच्च माध्यमिक तह उतीर्ण ङ . स्नातक वा सो भन्दा माथि

१६. तपाईले यस भन्दा पहिले कुनै सीपमूलक तालिम लिनु भएको भए

| क्र.सं. | तालिमको नाम | विषय | अवधि | तालिम दिने संस्था |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

नोट: नपुग भएमा पाना थप गर्ने

१७. हालको रोजगारीको अवस्था

रोजगार (पूर्णकालिन/पार्ट टाईम/ज्यालादारी),

रोजगारदाता............ ,

स्वरोजगार (व्यवसाय खुलाउनुहोस...................) बेरोजगार

१८. यो कार्यक्रममा सहभागी भएर सीपमूलक तालिम प्राप्त गरेपछि सहकारि संस्थामा आवद्ध भएर रोजगार तथा स्वरोजगार भइ स्वेदेशमै काम गर्न रुची: छ छैन

१९. परिवारको सदस्य संख्या

माथि उल्लेखित सबै विवरण ठिक साँचो हो झुठा ठहरिएमा प्रशिक्षणको लागि अयोग्य ठहरिने छु।

निवेदकको दस्तखत..........

माथि उलेखित विवरण प्रमाणित गर्नेको

नाम थर:

पद : वडाध्यक्ष

दस्तखत:

अनुसुची-२

सीप मुलक तालिम (३९०) घण्टाको तालिम सञ्चालन (गर्न चाहने तालिम प्रदायक संस्थाले पेश गर्नुपर्ने प्रस्ताव नमूना)

श्रीमान् सचिवज्यू,
श्रम, रोजगार तथा यातायात मन्त्रालय
बागमती प्रदेश, हेटौंडा, मकवानपुर।

महोदय,

त्यस कार्यालयबाट मितिः दैनिकमा प्रकाशित ................. मा........................ सूचना अनुसार म, हामी वा हाम्रो तालिम प्रदायक संस्थाले .....................जिल्लाको .........गाउपालिका नगरपिलकामा ....................................विषयको ६५ कार्यदिन (३९० घण्टा) को सीपमुल.क तालिम सञ्चालन गर्ने ईच्छा भएकोले निम्न विवरण सहित देहायका कागजातहरू संलग्न गरी यो प्रस्ताव पेश गरिएको छ।

(१) तालिम प्रदायक संस्थाको नाम ठेगानाः फोन नं. सहित

(२) प्रोपाइटर वा मुख्य व्यक्तिको नाम र सम्पर्क नः इमेलः

(३) तालिम प्रदायक संस्थाको सम्पूर्ण वस्तुस्थीति झल्कने परिचयः तथा कार्यविधि अनुसारको सपोर्टीङ डकुमेन्ट सहित

(४) अन्य विवरणः

(५) मानवीय स्रोत सम्बन्धि विवरणः

(क) कर्मचारी विवरणः

१. भौतिक पूर्वाधार सम्बन्धि विवरणः

(अ) कोठा संख्याः

(आ) भाडामा भए भाडा सम्झौता तथा आफ्नै जग्गामा भए लालपूर्जाको फोटोकपी अवस्थाः

(इ) नागरिकता प्रतिलिपिः

(ई) प्यान नं.

(उ) व्यक्ति वा व्यवसायको खाता रहेको बैंकको नामः

(ऊ) खाता नः

(प्रष्ट खाता नं. देखिने चेकको प्रतिलिपी उपलब्ध गराउनुपर्ने)

६. <u>**आर्थिक प्रस्ताव**:</u> २६ जनाको समूहको लागि करसहितको आर्थिक प्रस्ताव छुट्टै पेश गर्नुपर्नेछ।

७. <u>**प्रतिबद्धता पत्र**:</u> यस मन्त्रालयले आफ्नो वेबसाइटमा राखेको कार्यविधि राम्रोसँग अध्ययन गरी सोही कार्यविधि अनुसार कार्य सम्पन गर्न प्रतिबद्धता पत्र। वेबसाइटः molet.bagamati.gov.np

हस्ताक्षरः

प्रोपाइटरको नामः

मितिः

प्रदेश सचिव

माननीय लक्ष्मण

मन्त्री

## अनुसूची-३

## तालिमको विवरण र तालिम प्रदायक संस्थाका लागि शर्तहरू

(क) **सार्वजनिक निकायको नाम र ठेगाना:** बागमती प्रदेश सरकार, श्रम, रोजगार तथा यातायात मन्त्रालय, हेटौंडा

(ख) **प्रस्तावित कामको सामान्य विवरण:**

बागमती प्रदेशभित्रका निश्चित विधिबाट मन्त्रालयले स्वीकृत कार्यविधि बमोजिम छनौट गरेका वैदेशिक रोजगारबाट फर्केका श्रमिकहरूलाई स्थानीय व्यवसायिक सम्भाव्यता तथा श्रमिकको रुची अनुसार स्थानीय स्तरमा नै व्यवसायिक सीप विकास तालिम संचालन गर्नेगरी २० जनाका दरले समूह बनाई तोकिएको विषयमा व्यवसायिक सीप विकास सम्बन्धी ६५ कार्यदिन z(३९० घण्टा) को तालिम संचालन गरी सहभागीको सीप परिक्षण समेत गराई सीप परीक्षणमा उत्तीर्ण इच्छुक प्रशिक्षार्थीहरूलाई रोजगारी प्राप्तिमा सहयोग समेत गर् पर्नेछ।

(ग) प्रस्तावित कामको खर्च व्यहोर्ने स्रोत: बागमती प्रदेश सरकार

(घ) तालिम प्रदायक संस्थाको योग्यता:

(अ) तालिम प्रदायक संस्था विधिवत रुपमा दर्ता तथा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट मान्यता प्राप्त हुनुपर्ने।

(आ) नियमित रुपमा नवीकरण भएको तथा कर लगायतका दायित्वहरू फछ्यौंट गरेको हुनुपर्ने।

(इ) तालिम केन्द्र सहभागीहरूलाई स्थानीय स्तरमा नै समूह बनाइ तालिम संचालन गर्नसक्ने अवस्थामा रहेको।

(ई) सैद्धान्तिक तथा व्यवहारिक कक्षा संचालनका लागि प्रर्याप्त भौतिक पूर्वाधारहरू रहेको।

(उ) तालिमको विषयसंग सम्बन्धित दक्ष प्रशिक्षकहरू रहेको।

(ऊ) न्यूनतनम विगत ७ वर्षदेखि सोही प्रकृतिको तालिम संचालन गरेको र सीप परीक्षणमा न्यूनतम ६० प्रतिशत प्रशिक्षार्थीहरू उत्तीर्ण भएको।

(ए) तालिम सम्पन्न भएपिछ तालिमका सहभागीहरूलाई रोजगार र स्वरोजगार बनाउन प्रतिवद्ध रहेको।

(ऐ) संस्थाले सहभागीहरूलाई उपलव्ध गराउने अन्य सुविधाहरू केही भए खुलाउने।

(ङ) यस कार्यक्रम अन्तर्गत २१ दिको सार्वजनिक सूचना प्रकाशन गरी इच्छुक तालिम प्रदायक संस्थाहरूबाट आशयपत्र माग गर्ने र आशयपत्र पेश गर्ने संस्थाहरूबाट निर्धारित प्रक्रियबाट

संस्थाहरूको संक्षिप्त सूचि तयार गरी यस सूचीमा परेका संस्थाहरूबाट मात्र प्राविधिक र आर्थिक प्रस्ताव माग गरिनेछ। प्राविधिक र आर्थिक प्रस्ताव मूल्याँकन गर्दा गुणस्तर र लागत विधि अपनाई मूल्याँकन गरिनेछ। यस विधि अनुसार मूल्याँकन गर्दा प्राविधिक प्रस्तावका लागि ७० प्रतिशत र आर्थिक प्रस्तावका लागि ३० प्रतिशत अंकभार कायम गरिनेछ।

(च) आशयपत्रको छनौट

(च) १. आशयपत्रको छनौट निम्न आधारमा गरिनेछ

- तालिम प्रदायक संस्थाका मुख्य जनशक्तिको योग्यता ३० प्रतिशत
- तालिम प्रदायक संस्थाको अनुभव ५० प्रतिशत
- तालिम प्रदायक संस्थाको वित्तीय तथा भौतिक क्षमता २० प्रतिशत

(च) २. आशयपत्र मूल्याँकन गर्दा न्यूनतम ७० प्रतिशत अंक प्राप्त गर्ने संस्था मात्र उत्तिर्ण भएको मानिनेछ र योग्यताक्रमको आधारमा ३ देखि ६ वटा संस्थाहरूबाट प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरिनेछ।

(छ) प्राविधिक प्रस्ताव मूल्याँकनका शीर्षकगत आधार र अंकभार

| सि नं | आधार | अंकभार वर्गीकरणका आधार | | पूर्णाङ्क | अंक | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|---|---|
| क | तालिम प्रदायक संस्थाको अनुभव | सीप परिक्षणको अनुभव | विगत १० वर्षदेखि सम्बन्धित विषयको तालिम गरेको ८० प्रतिशत भन्दा माथि सहभागी सीप परीक्षणमा सफल भएको | २५ | १० | | |
| | | | विगत १० वर्षदेखि सम्बन्धित विषयको तालिम गरेको ७० देखि ८० प्रतिशत सहभागी सीप परीक्षणमा सफल भएको | | ८ | | |
| | | | विगत १० वर्षदेखि सम्बन्धित विषयको तालिम गरेको ६० देखि ७० प्रतिशत सहभागी सीप परीक्षणमा सफल भएको | | ६ | | |
| | | प्रशिक्षार्थी संङ्ख्या | ५००० वा सो भन्दा बढीलाई तालिम सञ्चालन अनुभव भएमा | | ५ | | |
| | | | ३००० भन्दा बढी ५००० भन्दा कम | | ३ | | |
| | | | २००० भन्दा बढी ३००० भन्दा कम | | २ | | |
| | | | २००० भन्दा कम | | १ | | |
| | | रोजगारीको विवरण | ८५ प्रतिशत वा सो भन्दा कम रोजगार प्रमाणित भएमा | | ५ | | |
| | | | ७५ प्रतिशत भन्दा माथि ८५ प्रतिशत भन्दा कम रोजगार प्रमाणित भएमा | | ३ | | |
| | | | ६५ प्रतिशत भन्दा माथि ७५ प्रतिशत भन्दा कम रोजगार प्रमाणित भएमा | | २ | | |
| | | | ५० प्रतिशत भन्दा माथि ६५ प्रतिशत भन्दा कम रोजगार प्रमाणित भएमा | | १ | | |
| | | तालिम सञ्चालनको अनुभव | विगत ३ वर्षमा २० वटा भन्दा बढी तालिम प्रदान गरेको | | ५ | | |
| | | | विगत ३ वर्षमा १५ वटा भन्दा बढी तालिम प्रदान गरेको | | ३ | | |
| | | | विगत ३ वर्षमा १० वटा भन्दा बढी तालिम प्रदान गरेको | | २ | | |
| ख | कार्ययोजना र प्राविधिक प्रस्तावको स्तर | कार्ययोजना र प्राविधिक प्रस्तावको स्तर | कार्ययोजना र कार्यक्रम सञ्चालन विधि | २० | ६ | | |
| | | | तालिम सञ्चालन विधि, तालिम पूर्व, तालिम दौरान र तालिम पश्चातका चरणहरु खुलाई तथ्यपूर्ण र कार्यान्वयन योग्य कार्ययोजना पेश गरेमा | | ५ | | |
| | | | निरिक्षण र मूल्याङ्कन प्रतिक्रियाको बारेमा प्रष्ट खुलाई २ डायग्राम सहित | | ५ | | |
| | | | गुणस्तरीय तालिमका लागि कार्यान्वयन योग्य कार्यक्रम सञ्चालन तालिका | | ४ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ग | प्रस्तावित तालिम सञ्चालन पश्चात रोजगारीको | प्रस्तावित तालिम सञ्चालन पश्चात रोजगारीको योजना | प्रस्तावित तालिम सञ्चालन पश्चात रोजगारीको सुनिश्चितता पत्र तालिम प्रदायक संस्थाले चिठ्ठी पेश गरेमा | | ५ | ५ | | |
| | | | पेश नगरेमा | | | ० | | |
| घ | मुख्य मुख्य जनशक्तिको योग्यता र अनुभवन | मुख्य मुख्य जनशक्तिको योग्यता र अनुभवन | मुख्य प्रशिक्षक | शैक्षिक योग्यता, TOT र ५ वर्षको अनुभव | ४० | १० | | |
| | | | | शैक्षिक योग्यता, TOT र ३ वर्षको अनुभव | | ८ | | |
| | | | | शैक्षिक योग्यता, TOT र २ वर्षको अनुभव | | ६ | | |
| | | | | शैक्षिक योग्यता, TOT लिएको | | ४ | | |
| | | | सहायक प्रशिक्षक | शैक्षिक योग्यता, TOT र ५ वर्षको अनुभव | | १० | | |
| | | | | शैक्षिक योग्यता, TOT र ३ वर्षको अनुभव | | ८ | | |
| | | | | शैक्षिक योग्यता, TOT र २ वर्षको अनुभव | | ६ | | |
| | | | | शैक्षिक योग्यता, TOT लिएको | | ४ | | |
| | | | उद्यमशिलता प्रशिक्षक | सम्बन्धित विषयमा Diploma गरी ३ वर्षको अनुभव | | १० | | |
| | | | | सम्बन्धित विषयमा TSLC गरी ३ वर्षको अनुभव | | ८ | | |
| | | | | सम्बन्धित विषयमा Diploma गरेको | | ६ | | |
| | | | | सम्बन्धित विषयमा TSLC वा Level २ गरेको | | ४ | | |
| | | | ट्रेनिङ कोअर्डिनेटर | मास्टर्स डिग्री सहित १० वर्षको अनुभव भएको | | १० | | |
| | | | | मास्टर्स डिग्री सहित ५ वर्षको अनुभव भएको | | ८ | | |
| | | | | मास्टर्स डिग्री गरेको | | ६ | | |
| ङ | तालिम प्रदायक संस्थाको वित्तीय तथा भौतिक क्षमता | भौतिक क्षमता | Office and Training Builiding/Toilet/Lab (More than 1) | | १० | ५ | | |
| | | | Office and Training Builiding/Toilet/Lab | | | ३ | | |
| | | वित्तिय क्षमता | ३ वर्षको औषत ७५ लाख भन्दा बढीको कारोबार | | | ५ | | |
| | | | ३ वर्षको औषत ५०-७५ लाखको कारोबार | | | ३ | | |
| | | | जम्मा | | १०० | | | |

* प्रशिक्षकहरुको शैक्षिक योग्यता अन्तर्गतः मुख्य प्रशिक्षक Bachelor/Diploma/TSLC/Level2 र ToT तालिम लिएको हुनुपर्ने, सहायक प्रशिक्षक- कम्तिमा Level 2 उत्तीर्ण गरेको हुनु पर्ने, उद्यममशीलता प्रशिक्षक- सम्वन्धित विषयमा Diploma गरेको र तालिम कोअर्डिनेटर Master's Degree गरेको हुनुपर्ने।

* प्रस्ताव मूल्याङ्कन गर्दा प्राविधिक प्रस्तावलाई ९०% र आर्थिक प्रस्तावलाई १०% भार दिइ मूल्याङ्कन गरिनेछ।

## अनुसूची-३

## सम्झौताको ढाँचा

### (दफा ७ को उपदफा (१) ङ सँग सम्बन्धित)

बागमती प्रदेश सरकार श्रम, रोजगार तथा यातायात मन्त्रालय हेटौंडाको आ व ०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार वैदेशिक रोजगारीबाट फर्केका श्रमिकहरूलाई विपन्न परिवारको रोजगारी तथा स्वरोजगारीका लागि व्यवसायिक सीप अभिवृद्धि कार्यक्रम कार्यान्वयन गर्न मिति को मूल्याङ्कन .......... ,.................... समितिबाट श्री संस्था लि को प्रस्ताव ........ .छनौट भएकोले श्रम, रोजगार तथा यातायात मन्त्रालय (यस पछि प्रथम पक्ष भनिने) र श्री ..............,.संस्था ............(यस पछि दोश्रो पक्ष भनिने) बिच तपशिल अनुसारका शर्तहरू पालना गर्ने गरि माथि उल्लेखित कार्यक्रम कार्यान्वयनका लागि द्विपक्षीय सम्झौता गरी बुझिलियौंदियौं/।

**शर्तहरु:**

१. प्रथम पक्षले कार्यविधि बमोजिम स्वीकृत भएको रकम रु कार्यविधिमा तोकिएको शर्त बमोजिम विभिन्न किस्तामा दोश्रो पक्षलाई भूक्तानी गर्नेछ।

२. दोश्रो पक्षले कार्यविधिमा तोकिएको प्रक्रिया पूरा गरी सहभागी छनौट गरी स्थानीय तह र विषय अनुसार सहभागीहरूको समूह बनाई २०८१ ज्येष्ठ १५ भित्र तालिम प्रदान गरी सीप परीक्षण गरी उत्तीर्ण सहभागीका आधारमा रकम दावी गरी भूक्तानी समेत लिसक्नुपर्नेछ।

५. कार्यक्रम कार्यान्वयनका लागि दोश्रो पक्षले सम्पूर्ण व्यवस्थापन आफैले गर्नु पर्नेछ।

८. प्रथम पक्षले कुनै पनि समयमा सञ्चालित कार्यको अनुगमन निरीक्षण गरि सम्झौता बमोजिमको कार्य भए नभएको हेरी सम्झौता बमोजिमको कार्य नभएको पाइएमा आबश्यक सल्लाह सुझाव दिन सक्नेछ।

९. द्विपक्षीय सम्झौता मुताविकको कार्य नभै रकम सदुपयोग हुन नसक्ने देखेमा प्रथम पक्षले कार्यविधिको दफा ....... बमोजिमको प्रक्रिया अपनाई सहयोग रकम रोक्का गर्न सक्नेछ।

१०. सम्झौतामा उल्लेख हुन छुट भएका विषयको हकमा कार्यविधि र प्रचलित कानून बमोजिम हुनेछ।

११. कार्याक्रम कार्यान्वयनका दौरानमा कुनै बुँदा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ।

१२. दोश्रो पक्षले कार्यसम्पादन पश्चात कार्यसम्पन्न प्रतिवेदन र सहभागीको विवरण समेत प्रथम पक्षकोमा पठाउनु पर्नेछ।

पहिलो पक्षको तर्फबाट

दोश्रो पक्षको तर्फबाट

दस्तखतः

नामः

पदः

मन्त्रालयः श्रम, रोजगार तथा यातायात मन्त्रालय

मन्त्रालयहेटौंडा बागमती प्रदेश ,।

मन्त्रालयको छापः

दस्तखतः

नामः

पदः.

तालिम प्रदायक संस्थाको नाम :

संस्थाको छापः

बागमती प्रदेश सरकार
श्रम, रोजगार तथा यातायात मन्त्रालय
हेटौंडा, नेपाल

प्रदेश सचिव

माननीय लक्ष्मण लम्साल
मन्त्री